प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

धनगढी, कैलाली

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६/११/६ गते

आ.व.२०७६/७७ को स्वीकृत तपशिल अनुसारको कार्यक्रम सञ्चालन गर्न इच्छुक आवेदकले यो सूचना प्रकाशित भएको मितिले ३०औं दिन कार्यालय समय भित्र तोकिएको ढाँचामा देहायका कागजात सहित यस मन्त्रालयमा प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | कार्यक्रमको नाम | अनुदान रकम सिमा | आवेदन दिन योग्य संस्थाहरू | कैफियत |
|---|---|---|---|---|
| १ | कैलाली र कञ्चनपुर जिल्लाका सामुदायिक छाडा पशुकल्याण प्रवर्द्धन गर्न गौशाला निर्माण तथा व्यवस्थापन | अधिकतम रू. ५० लाख सम्म | स्थानीय तह, सहकारी संघ संस्था, दर्तावाल कम्पनी, फर्म, डेरी उद्योग, दर्तावाल मठ मन्दिर समिति र सम्बन्धित कार्य गरेको गैर सरकारी संघ संस्थाहरु | लागतको कम्तीमा २५ प्रतिशत साझेदारी अनिवार्य |
| २ | साना डेरी तथा दुग्ध सहकारीहरुलाई यान्त्रिकरण सहयोग अन्तर्गत मिल्क एनालाईजर वितरण | लागत ईष्टीमेटका आधार अधिकतम रू.४ लाख सम्म | दुग्ध सहकारी संस्था, कम्पनी, फर्म र डेरी उद्योग | |

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू:**

१. रू.१० को टिकट टाँस गरिएको अनूसुची-२ अनुसारको आवेदन फारम
२. सम्बन्धित कार्यविधि अनुसारको अनूसूची-३ बमोजिमको संक्षिप्त कार्ययोजना
३. सम्पर्क व्यक्तिको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
४. संस्थासँग आवद्ध सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाणपत्रका प्रमाणित प्रतिलिपी
५. संस्था दर्ता, करचुक्ता, नविकरण भएको प्रमाणको प्रतिलिपि
६. सम्बन्धित कार्यविधि अनुसारको अनुसुची-४ अनुसारको लागत साझेदारी प्रतिबद्धता पत्र
७. कार्यक्रमको लागि छनौट भएमा संस्थाका सदस्यहरुबाट कार्यान्वयन गर्ने प्रतिबद्धताको निर्णयको प्रतिलिपि

**विस्तृत जानकारीका लागि:** भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ०९१-४१७२२५, भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्रहरू र सम्पर्क केन्द्रमा सम्पर्क राख्न र www.molmac.p7.gov.np बाट सामुदायिक छाडा पशुकल्याण प्रवर्द्धन गर्न गौशाला निर्माण तथा व्यवस्थापन कार्यक्रम सञ्चालन कार्यविधि,२०७६ र मिल्कएनालाईजर वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६ डाउनलोड गर्न सकिनेछ ।